# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## सम्पत्ति तथा सेवा व्यस्थापन विभाग, बालुवाटार, काठमाडौं

### हवाई टिकट विक्रेता/ट्राभल्स एजेण्टहरुलाई मौजुदा सूचीमा दर्ता गराउने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०३/१८)**

यस बैंकको केन्द्रीय कार्यालयको लागि आगामी आ.व.२०७८/७९ मा आवश्यक पर्ने अन्तर्राष्ट्रिय हवाई टिकट उपलब्ध गराउन इच्छुक ईजाजत प्राप्त अन्तर्राष्ट्रिय हवाई टिकट विक्रेता/ट्राभल एजेन्सीहरुले आवेदन फाराममा उल्लेखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागको मौजुदा सूची (स्ट्याण्डिङ्ग लिष्ट) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरिद विनियमावली २०७१ (संशोधन सहित) को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन फाराम तथा मौजुदा सूचीसँग अन्य आवश्यक विवरणहरु बैंकको Website: www.nrb.org.np मा राखिएको छ । साथै, उक्त कागजात यस बैंकको सम्पत्ति तथा सेवा व्वस्थापन विभागबाट समेत प्राप्त गर्न सकिने छ । आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरु भरी सहीछाप गरी आवश्यक कागजातहरुका साथ पेश गर्नुपर्ने छ । साथै, यस विभागको ईमेल ठेगाना gsd@nrb.org.np मा समेत पठाउन सकिने छ । आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन । आवेदकलाई मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस बैंकले आ.व.०७८/७९ मा अन्तर्राष्ट्रिय हवाई टिकट खरिदको समयमा आवश्यकता अनुसार सूचना तथा आवश्यक थप योग्यताहरु निर्धारण गर्नेछ । अन्य आवश्यक कुराहरु बुझ्नु परेमा यस बैंकको सम्पत्ति तथा सेवा व्वस्थापन विभागमा सम्पर्क राख्न सकिने छ ।

सम्पत्ति तथा सेवा व्वस्थापन विभाग

फोन नं.: ०१-४४१०१५८। एक्स्टेन्सन ३६५,४०४,२३०.

## हवाई टिकट उपलब्ध गराउन इच्छुक ईजाजत प्राप्त अन्तर्राष्ट्रिय हवाई टिकट विक्रेता/ट्राभल एजेन्सीहरुले मौजुदा सूचीमा दर्ता हुन आवश्यक योग्यताहरु

सार्वजनिक खरिद ऐन २०६३ को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली २०७१ (संशोधन सहित) को विनियम १८ को उप-विनियम ३ अनुरुप आपूर्तिकर्ता/सेवा प्रदायकहरुलाई देहाय बमोजिम योग्यता तोकिएकोले आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

क. फर्म/कम्पनी दर्ताको प्रमाणपत्र तथा आवधिक रुपमा नवीकरण गर्नुपर्ने भएमा सो खुल्ने कागजात ।

ख. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणित प्रतिलिपि।

ग. आ.व. ०७६/७७ को कर चुक्ता गरेको प्रमाणित प्रतिलिपि (आ.व. २०७७/७८ मा स्थापित/दर्ता भएका संस्था/फर्म/कम्पनीको हकमा लागू नहुने वा यस बैंकसँग कारोबार गर्नुपूर्व आ.व.२०७७/७८ को कर चुक्ता प्रमाणपत्र वा समयावधि थप गरेको कागजात) ।

घ. दिइएको कारोबार गर्न प्रचलित कानूनमा कुनै निकायको अनुमति/ईजाजत लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति तथा आवश्यकता बमोजिम नवीकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ङ. International Air Transport Association (IATA) को सदस्यता लिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

च. यस बैंकबाट विदेशी मुद्रा कारोबार गर्न स्वीकृति लिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

छ. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणित कागजातको प्रमाणित प्रतिलिपि ।

ज. तत्काल आपूर्ति गर्न सक्ने गरी सेवाको उपलब्धता हुने व्यहोराको स्वघोषणा पत्र ।

झ. पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषणापत्र ।

ञ. सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणापत्र ।

ट. कार्यालयलाई आवश्यक पर्दा सहजै सम्पर्क गर्न मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोबाइल नम्बर, फ्याक्स नम्बर, ईमेल, वेभसाईट आदि खुलाई पेश गरेको हुनु पर्ने ।

ठ. मालसामान आपूर्तिको हकमा बैंकलाई आवश्यक परेको बखत सम्पर्क गर्न मिल्ने गरी कारोबारको प्रकृति अनुरुपको पसल/कार्यस्थलको फर्मको नाम समेत देखिने गरी खिचिएको फोटो तथा उक्त स्थान सम्म पुग्न सकिने नक्शा ।

*(नोटः आ.व.०७८/७९ मा अन्तर्राष्ट्रिय हवाई टिकटको हकमा यस बैंकले सेवा खरिदको समयमा आवश्यकता अनुसार सूचना तथा आवश्यक थप योग्यताहरु निर्धारण गर्नेछ ।)*

नेपाल राष्ट्र बैंक सेवा व्यवस्थापन विभाग

## हवाई टिकट उपलब्ध गराउन इच्छुक ईजाजत प्राप्त अन्तर्राष्ट्रिय हवाई टिकट विक्रेता/ट्राभल एजेन्सीहरुले मौजुदा सूचीमा समावेश गर्न पेश गरेको निवेदन

(सम्भव भएसम्म आफ्नो लेटर प्याडमा पेश गर्ने) (अनुसूची-५क बमोजिम)

मिति: २०७८/०३/......

श्री नेपाल राष्ट्र बैंक,
केन्द्रीय कार्यालय,
सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : **मौजुदा सूचीमा दर्ता गरी पाउँ ।**

नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन समेत) को विनियम १८ को उपविनियम (४) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

| | |
|---|---|
| तपशिल : १. मौजुदा सूचीको लागि निवेदन दिने सेवा प्रदायकको विवरण : | |
| (क) नाम : | (ख) ठेगाना : |
| (ग) पत्राचार गर्ने ठेगाना : | (घ) मुख्य व्यक्तिको नाम : |
| (ङ) टेलिफोन नं. : | (च) मोवाईल नं. : |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने ।<br>(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र ।<br>(ख) नवीकरण गरिएको कागजात ।<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्र ।<br>(घ) कर चुक्ताको प्रमाणपत्र ।<br>(ङ) सेवा विक्रिका लागि कुनै निकायको इजाजत पत्र आवश्यक पर्ने भएमा सोको प्रमाणपत्र । | |
| ३. आपूर्ति गरिने सेवाको प्रकृतिको विवरण : | |
| | |

| | | |
|---|---|---|
| निवेदन दिएको मिति :<br>आ. व. : | फर्मको छाप : | निवेदकको नाम :<br><br>हस्ताक्षर : |

(छाप: नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग)

## १. अन्तर्राष्ट्रिय हवाई टिकट उपलब्ध गराउन इच्छुक ईजाजत प्राप्त अन्तर्राष्ट्रिय हवाई टिकट विक्रेता/ट्राभल एजेन्सीहरुले मौजुदा सूचीमा समावेश गर्न पेश गरिएका कागजातहरु:

| क्र.सं. | विवरण | पेश गरे वा नगरेको उल्लेख गर्ने |
|---|---|---|
| १. | फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्र एवं कारोवार क्षेत्र । | |
| २. | PAN/VAT मा दर्ता भएको प्रमाणपत्र । | |
| ३. | आ.व.०७६/७७ को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाण । | |
| ४. | पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषणा पत्र तथा हाल कुनै मुद्दा मामिला भएमा सो सम्बन्धी विवरण । | |
| ५. | सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणापत्र । | |
| ६. | सेवा विक्रिका लागि कुनै निकायको इजाजत पत्र आवश्यक पर्ने भएमा सोको प्रमाणपत्र । | |
| ७. | International Air Transport Association (IATA) को सदस्यता लिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । | |
| ८. | यस बैंकबाट विदेशी मुद्रा कारोबार गर्न स्वीकृति लिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । | |
| ९. | सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको विवरण । | |
| १०. | फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोबाइल नम्बर, फ्याक्स नम्बर, ईमेल, वेभसाईट आदि । | |

फर्म/संस्था/कम्पनी रहेको स्थान खुल्ने नक्सा

नोटः १. मूल्य अभिवृद्धि कर नलाग्ने मालसामान भएमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र पेश गर्न आवश्यक हुने छैन ।
२. आवेदनकर्ताले आवश्यकता अनुरुप आफ्नो व्यवसायको क्षमता, कार्य अनुभव, वित्तीय सक्षमता सम्बन्धी कागजातहरु समावेश गर्न सक्ने छन् ।

## २. निवेदकको जानकारी सम्बन्धी विवरण

(निवेदकले निवेदन साथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ)

| | | |
|---|---|---|
| १ | फर्म/कम्पनीको नाम: | |
| २ | निवेदक/फर्म/कम्पनीको ठेगाना: | |
| ३ | सम्पर्क व्यक्तिको नाम : | |
| ४ | सम्पर्क व्यक्तिको टेलिफोन/मोबाईल नम्बर: | |
| ५ | निवेदकको ईमेल: | |
| ६ | निवेदकको फर्म दर्ता भएको जिल्ला: | |
| ७ | निवेदकको फर्म दर्ता भएको वर्ष: | |
| ८ | निवेदक फर्म, कम्पनी वा संस्थाको प्रकार: | |